JL IFAD
Investing in rural people

# "समृद्धि" आयोजना र साना किसानका लागि वित्तीय सेवा कार्यक्रम
# Financial Services for Smallholders through Samriddhi Project

## परिचय तथा कार्यक्रमको लक्ष्य:

ग्रामीण स्तरमा रहेका सेवाग्राहीहरुलाई सहज वित्तीय पहुँच पुर्याउन नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको नेतृत्वमा सञ्चालित ग्रामीण उद्यम तथा विप्रेषण आयोजना "समृद्धि" र साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. बिच सम्झौता भएको छ । सो बमोजिम "समृद्धि" आयोजनाले प्राथमिकतामा राखेका पालिकाहरुमा छनौट भएका सहकारी संस्थाको क्षमता विकास गरी लक्षित वर्गलाई सुलभ तथा दीगो वित्तीय सेवा उपलब्ध गराउने कार्यक्रमहरू तय भएका छन् । जस अन्तर्गत साना किसानका लागि वित्तीय सेवा, वित्तीय संस्थाहरुलाई आन्तरिक रुपमा सबल बनाउन तथा वित्तीय साधनहरुको विकास गरि सेवालाई विस्तार र विविधीकरण गरी वित्तिय सेवा प्रवाहमा भएका कमजोरीको सम्बोधन गर्ने लक्ष्य लिईएको छ ।

यसका साथै वित्तीय संस्था संग आवद्धता गरी थोक कर्जा प्रवाह मार्फत सहकारी संस्थामा आवद्ध आयोजना लक्षित समुदायको सदस्यहरुलाई वित्तीय सेवाको सहज पहुँच पुर्याउनु यस कार्यक्रमको उद्धेश्य हो । आयोजनाले कृषि व्यवसायलाई बिशिष्टीकरण, बिविधीकरण र व्यवसायीकरण मार्फत रोजगारी सृजना तथा सीप विकास गरी दिगो ग्रामीण अर्थतन्त्रको विकास तथा उद्यमको संस्थागत विकास गर्नका लागि लक्षित घर परिवारलाई सहुलियतपुर्ण कृषि कर्जामा सहज पहुँच अभिवृद्धि गर्ने काम अघि सारिएको छ । आयोजनाको लक्ष्य अनुसार दिगो र सुलभ रुपमा वित्तीय सेवा पुर्याउन १५० सहकारी संस्थाहरूको क्षमता अभिवृद्धि गरी सहकारी संस्थाहरु मार्फत समुदायमा प्रभावकारी रुपमा वित्तीय सेवा पुर्याउने कार्य संचालन हुँदै आएको छ । आयोजनाले चयन गरि सहकार्य सम्झौता गरेका सहकारीहरुलाई आवश्यक थोक कर्जा लगानी अभिवृद्धि गर्न सहकार्य प्रभावकारी सिद्ध हुने अपेक्षा गरिएको छ ।

यसको अलावा आयोजनाले प्राथमिकीकरणमा राखेका कृषि वस्तुमा आधारित कृषक, उत्पादक, बजारीकरणमा आबद्ध ब्यापारी, प्रसोधनकर्ता, आपूर्तिकर्ता आदि साथै "समृद्धि" आयोजनाका लक्षित वर्ग सम्मिलित उत्पादन मुलक सहकारी संस्थाहरु र भविष्यमा आयोजनाको सहयोगमा गठन गरिने उत्पादक समूह, सहकारीहरुलाई समेत आवश्यक पर्ने लगानी र सुलभ वित्तीय पहुँच सुनिश्चित गर्न सहयोगी भूमिका निर्वाह गर्ने छ ।



## कार्यान्वयन क्षेत्र तथा लक्षित वर्ग:

### क) गरीब तथा पिछडिएका वर्गलाई दिगो रुपमा वित्तीय सेवाको पहुँच वृद्धि गर्न:

कृषि विकास बैङ्क, नेपाल सरकार,साना किसान कृषि सहकारी संस्थाहरू र वाणिज्य बैङ्कहरुको संयुक्त लगानिमा कम्पनी ऐन, २०६३ अन्तर्गत पब्लिक लिमिटेड कम्पनीका रुपमा साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको स्थापना वि.सं. २०५८ साल असार २२ गते भएको हो ।

यस वित्तीय संस्थाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको राष्ट्रिय स्तरको लघुवित्त संस्थाका रूपमा स्वीकृति प्राप्त गरी लघुवित्त क्षेत्रमा एक प्रमुख थोककर्जा प्रदायक संस्थाका रूपमा कारोबार गर्दै आएको छ । लघुवित्तका प्रचलित अभ्यासहरू भन्दा फरक ढङ्गले स्थानीय तहमा सवल, सक्षम, स्वायत्त र दिगो सहकारी संस्थाहरूको निर्माणबाट मात्र गरिबी न्यनूीकरणको गतिलाई तीव्रता प्रदान गर्न सकिन्छ भन्ने यस संस्थाको मान्यता रहेको छ । लघुवित्त वित्तीय संस्थाले ग्रामीण विपन्न तथा साना किसानहरूको आर्थिक र सामाजिक विकासका लागि उनीहरूकै स्थानीय सक्षम सहकारी संस्थाहरू मार्फत लघुवित्त तथा सामाजिक विकासका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।

### ख) वित्तीय संस्थाको सेवा प्रवाह संरचना:

साना किसान विकास लघुवित्त वित्तीय संस्थाले विपन्न तथा गरीबहरूमा लघुवित्त सेवा पुर्‍याउने साझेदार साना किसान कृषि सहकारी तथा समान प्रकृतिका अन्य सहकारी मार्फत थोक कर्जा उपलब्ध गराउँछ ।

वित्तीय संस्थाले अधिराज्य भर रहेका ११ वटा इलाका कार्यालय मार्फत सेवा उपलब्ध गराउँदै आएको छ । साझेदार संस्थाहरूलाई प्रभावकारी रुपमा सेवा प्रदान गर्न र सक्षम बनाउन यस वित्तीय संस्थाले साझेदार संस्थाहरूको क्षमता अभिवृद्धिमा र अन्य प्राविधिक सहयोगसमेत उपलब्ध गराउँदै आएको छ ।

यसका अतिरिक्त विपन्न तथा साना किसानहरूको संस्थागत क्षमता तथा सामाजिक सवलीकरणका लागि वित्तीय संस्थाले सरकार तथा अन्य दातृसंस्था र साना किसान संस्थाहरूको बिचमा रहेर पुलको काम पनि गर्दै आएको छ ।

साना किसान सहकारी अनुसरण  कार्यक्रम मार्फत देशका विभिन्न ग्रामीण समुदायका महिला, दलित मधेशी जनजाति र अन्य पिछडिएका वर्गलाई दिगो रुपमा वित्तीय सेवा पुर्याउँदै आएको छ ।



### ग) वित्तीय संस्थासँग आबद्धताः

किसान विकास लघुवित्त वित्तीय संस्थासँग कारोबार गर्न इच्छुक लघुवित्त संस्थाहरूले यस वित्तीय संस्थाको कारोबारमा आबद्धताका लागि आवेदन गर्नु पर्छ । त्यस्ता संस्थाहरूको कानुनी, वित्तीय, व्यवस्थापकीय तथा सुशासनका विषयमा वित्तीय संस्थाले संस्थागत परीक्षण गर्दछ । संस्थागत परीक्षण गर्दा कुनै कमी कमजोरीहरू पाईएमा सो सुधार भैसकेपछि मात्र संस्थाहरूलाई आबद्ध गर्ने र सेवाहरूमा सरिक गराउने कार्य गर्दछ । वित्तीय संस्थाको सेवामा आबद्ध हुन देहाय अनुसारको मापदण्ड पुरा गरेको हुनुपर्दछ । यसका अतिरिक्त विपन्न तथा साना किसानहरूको संस्थागत क्षमता तथा सामाजिक सवलीकरणका लागि वित्तीय संस्थाले सरकार तथा अन्य दातृसंस्था र साना किसान संस्थाहरूको बिचमा रहेर पुलको काम पनि गर्दै आएको छ । साना किसान सहकारी अनुसरण  कार्यक्रम मार्फत देशका विभिन्न ग्रामीण समुदायका महिला, दलित मधेशी जनजाति र अन्य पिछडिएका वर्गलाई दिगो रुपमा वित्तीय सेवा पुर्याउँदै आएको छ ।

| क्र.सं | कर्जाको नाम | उद्धेश्य | वार्षिक ब्याजदर | ग्रेस अवधि | कर्जा भुक्तानि प्रकृया | | अधिकतम अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | साँवा भुक्तानि अवधि | ब्याज भुक्तानि | |
| १ | लघुकर्जा | साना किसान महिला, दलित, विपन्न वर्गलाई लघुवित्त सेवा प्रदान गर्ने । | ९.७५ % | ३ महिना | -कर्जा लिएको ६ महिनाको अन्त्य देखि प्रत्येक त्रैमासिक -१० किस्ता ३३ महिना भित्र | मासिक | ३३ महिना भित्र |
| २ | पशुपालन कर्जा | मासु तथा दुग्ध जन्य पदार्थको उत्पादन बढाई आयात प्रतिस्थापनमा सघाऊ पुर्याउने । | ५ % | ६ महिना | -कर्जा लिएको ९ महिनाको अन्त्य देखि प्रत्येक त्रैमासिक -१० किस्ताले ३ वर्ष भित्र | मासिक | ३ वर्ष |
| ३ | नविकरणीय उर्जा कर्जा | साना किसानको घर उज्यालो र धुवामुक्त बनाउनसोलार पावर, वायोग्यास जस्ता बैकल्पिक उर्जाको प्रयोग बढाउने । | ८.७५ % | ६ महिना | -कर्जा लिएको ९ महिनाको अन्त्य देखि प्रत्येक त्रैमासिक -१० किस्ताले ३ वर्ष भित्र | मासिक | ३ वर्ष |
| ४ | जिवीकोपार्जन कर्जा | वि.सं. २०७२ को प्रलयकारी भुकम्पबाट प्रभावित क्षेत्रर्मा आय आर्जन क्षमतामा परेको प्रतिकुल परिस्थितिमाटेवा पुर्याउने । | २ % | ६ महिना | -कर्जा लिएको ९ महिनाको अन्त्य देखि प्रत्येक त्रैमासिक -१० किस्ताले ३ वर्ष भित्र | मासिक | ३ वर्ष |
| ५ | सहकारी चिया उद्योगका लागि कार्यशील पुँजी कर्जा | कृषि मूल्य शृङखलामा साना किसानको पहुँच अभिवृद्धि गर्ने । | ५ % | १ वर्ष | अर्धवार्षिक रुपमा १० किस्तामा | मासिक | ६ वर्ष |
| ६ | कृषि कर्जा | मध्य पश्चिम र पश्चिमाञ्चल क्षेत्रका ७ जिल्लामा कृषि कर्जाको माध्यमबाट कृषि रुपान्तरणमा सघाउ पुर्याउने । | ५ % | – | त्रैमासिक | मासिक | ३ वर्ष |
| ७ | तरकारी खेति कर्जा | पहाडमा कम्तीमा एक रोपनी र तराईमा १.५ कट्ठा भन्दा बढी क्षेत्रफलमा व्यावसायिक तरकारी खेती गर्ने । | ५ % | – | त्रैमासिक | मासिक | १-३ वर्ष सम्म |
| ८ | ग्रामीण स्वावलम्बन कर्जा | ग्रामीण क्षेत्रमा प्रभावकारी दीगो लघुवित्त सेवा प्रवाह गर्ने । | ४.८ % | – | त्रैमासिक | मासिक | – |
| ९ | सहुलियतपूर्ण कर्जा | वागमति प्रदेश भित्र उत्पादन तथा रोजगारी सृजना मार्फत आयवृद्धि गर्ने । | १.५ % | – | त्रैमासिक | मासिक | ३३ महिना देखि ३ वर्ष सम्म |
| १० | पुनरुत्थान कर्जा | विपद तथा महामारीको असर न्यूनिकरणमा सघाउ पर्याउने । | ७.२५ % | – | अर्ध वार्षिक | मासिक | १ वर्ष |
| ११ | ग्रामीण उद्यम कर्जा (साना तथा मझौला कृषि उद्यम व्यवसाय कर्जा) | कृषिको व्यवसायीकरण र यान्त्रीकरण माध्यमबाट कृषि रुपान्तरणका लागि कृषि उद्यमीहरुलाई लक्षित गरी साना तथा मझौला किसान उद्यमीको कर्जामा सहज पहुँच सुनिश्चित गर्ने । | ६.५ % | - समुहगत २ वर्ष - व्यक्तिगत १ वर्ष | स्थीरपुँजी त्रैमासिक चालुपुँजी :- व्यक्तिगत ५ वर्ष र सामूहिक ७ वर्षसम्म लिनेदिने (turn over) गर्न सकिने | मासिक | व्यक्तिगत ५ वर्ष र सामुहिक ७ वर्ष |

## यस वित्तीय संस्था संग सहकारी संस्थाहरू आवद्ध हुन निम्नानुसारका सुचकहरू हुन आवश्यक पर्दछ ।

- ★ पुँजीकोष अनुपातः संस्थाको प्राथमिक पुँजीकोष अनुपात ५ प्रतिशत वा सो भन्दा वढी भएको हुनु पर्दछ । त्यसै गरी जम्मा पुँजीकोष अनुपात १० प्रतिशत वा सो भन्दा वढी भएको हुनु पर्दछ ।
- ★ बाह्य ऋण लगानीमा रहेको ऋण अनुपातः लगानीमा रही रहेको कर्जाको तुलनामा वाह्य कर्जा ६० प्रतिशत वा सो भन्दा कम भएको हुनु पर्दछ ।
- ★ नेटवर्थः संस्थाको नेटवर्थ धनात्मक हुनु पर्दछ ।
- ★ सञ्चालन स्वक्षमताः संस्थाको सञ्चालन स्वसक्षमता (Operational Self Sufficiency) ११० प्रतिशत वा सो भन्दा वढी हुनु पर्दछ ।
- ★ सक्रिय ग्राहक संख्याः संस्थामा आवद्ध भएका सदस्यहरु मध्ये ९० प्रतिशत भन्दा वढी सक्रिय भएको हुनु पर्दछ । (सक्रिय भन्नाले सदस्यले नियमित बचत, साधारण सभामा उपस्थिती, संस्थाको अन्य क्रियाकलापमा सहभागिता र कर्जा कारोबार गरेको भएमा नियमित रुपमा कर्जा, व्याज बुझाउने गरेको बुझ्नु पर्दछ) ।
- ★ लगानीमा रहेको रकममा कर्मचारी प्रशासनिक खर्च अनुपातः लगानीमा रही रहेको कर्जाको तुलनामा कर्मचारी प्रशासनिक खर्चको अनुपात ४ प्रतिशत भन्दा कम भएको हुनु पर्दछ ।
- ★ ऋण सम्पत्तिको (लगानीमा रहेको रकम) मा वृद्धि दरः संस्थाको कर्जा प्रभागको बार्षिक बृद्धि दर १५ प्रतिशत हुनु पर्दछ ।
- ★ महिला सञ्चालक प्रतिशतः सञ्चालक समितिमा महिलाको सहभागिता ३३ प्रतिशत भएको हुनुपर्दछ ।



## कर्जा सेवा

साना किसान विकास लघुवित्त वित्तीय संस्थाले समुदायका साना किसान, महिला, दलित, निम्न आय वर्ग तथा उद्यमीहरुलाई लक्षित गरी निम्न कर्जा सेवाहरु प्रदान गर्दै आएको छ । यस्ता कर्जा, यस वित्तीय संस्थाले आफूसंग आवद्ध साना किसान कृषि सहकारी तथा अन्य सहकारी मार्फत उपलब्ध गराउँदछ ।



## वित्तीय संस्थामा सहकारी संस्थाहरू आबद्धताका लागि पेश गर्नुपर्ने कागजातहरूः

निम्नकुराहरू प्रष्ट हुने गरी संस्थाको सञ्चालक कार्यकारी समितिले पारित गरेका कागजातहरू बुझाईएको हुनु पर्ने छ,

क) वित्तीय संस्थासँग लघुवित्त कार्यक्रमका लागि कर्जा लिने योजना सहित राशी उल्लेख गरिएको निर्णय ।

ख) वित्तीय संस्थासँग कर्जा कारोबार गर्न र सोसँग सम्बन्धित तमसुक/लिखत/सम्झौतामा दस्तखत गर्न र तमसुक लिखतमा स्वीकृत भएको रकम भुक्तानी लिन तथा आवश्यक अन्य कार्यहरू गर्नको लागि संस्थाको तर्फबाट प्रतिनिधि तोकी निजलाई अधिकार प्रत्यायोजन गरिएको सम्बन्धमा ।

ग) वित्तीय संस्थाबाट लिएको कर्जा भुक्तानी गर्न व्यक्तिगत तथा सामूहिक रूपमा समेत सञ्चालक समिति जिम्मेवार रहेको सम्बन्धमा

घ) संस्था दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (यस अघि पेश गरिसकेको र सो पश्चात संशोधन नभएको भएमा आवश्यक नपर्ने)

ङ) संस्थाको विनियम,विधान

च) लघुवित्त संस्थाले दिएको सुझाव र निर्देशन पालना गर्ने निर्णय (यस अघि पेश गरिसकेको र सो पश्चात संशोधन नभएको भएमा आवश्यक नपर्ने)

छ) कर्जा तथा बचत सम्बन्धी नीति नियमहरू (यस अघि पेश गरिसकेको र सो पश्चात संशोधन नभएको भएमा आवश्यक नपर्ने)

ज) अघिल्लो आर्थिक वर्षसम्मको संस्थाको लेखापरीक्षण भएको वित्तीय विवरण (प्रत्येक आर्थिक वर्षको एकपटक मात्र । यदि लेखापरीक्षण कार्य भईरहेको र तत्काल उपलब्ध हुन नसकेको खण्डमा चालु आ.व.को कात्तिक मसान्तसम्म पेश गरिसक्ने प्रतिवद्धता-पत्र लिने र लेखापरीक्षण सम्पन्न पश्चात वित्तीय विवरण लिने ।)

झ) संस्थाको तीन वर्षीय व्यावसायिक योजना (अवधिबाँकी रहेसम्म मान्य हुने, संशाधन भए पेश गर्नु

ञ) सञ्चालक तथा कर्मचारीहरूको स्व-घोषणा सहितको व्यक्तिगत विवरण (बायोडाटा)(यस अघि पेश गरिसकेको भए परिवर्तन नभएसम्म पुनः पेश नगर्न सकिने)

ट) धितो,सुरक्षण

ठ) संस्थाको घर-जग्गा भए लालपूर्जाको प्रतिलिपि (पहिले पेश नगरेको भए वा थप घट भएको भए मात्र)

ड) तिरो तिरेको रसिदको प्रतिलिपि (वार्षिक एक पटक अन्य सम्पत्तिको हकमा स्वामित्वको प्रमाणित प्रतिलिपि

ढ) संस्थाले धन जमानीको लागि धितो लेखि दिनु पर्ने भएमा सोको सक्कल पूर्जा-निस्सा

ण) संस्थाको अघिल्लो महिना सम्मको वित्तीय विवरण (पुँजी कोष, बचत विवरण, कर्जाको अवस्था र वर्गीकरण तथा नाफा नोक्सानको अवस्था आदि समेत खुल्ने गरी) ।

त) संस्थाले अन्य बैंक तथा वित्तीय संस्थाहरूसँग कारोबार गरेको भए सोको अवस्था शर्त र विवरण

थ) संस्थाको स्थायी लेखा नम्बर (पान) को प्रतिलिपि (पहिलो पटक लिने र संशोधन नहुँदासम्म नपर्ने) संस्थाको अघिल्लो आ.व.को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि (कर लाग्ने संस्थाको लागि)



## आयोजना अन्तर्गत रहेका वित्तीय संस्थाका कार्यालय

आयोजनाको यस उद्धेश्यलाई सफल बनाउन साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. संग आयोजनाले मिति २०७७/०५/२५ गते सम्झौता गरी कार्यक्रमलाई अगाढी बढाउँदै आएको छ । यस वित्तीय संस्थाको अधिराज्यभर ११ वटा ईलाका कार्यालय रहेको र आयोजनाको कार्यक्षेत्र भित्र प्रदेश नं. १ मा ईटहरी (सुन्सरी), प्रदेश नं.२ मा बर्दिबास (महोत्तरी) र बाग्मती प्रदेशको हेटौडा (मकवानपुर) बाट सेवा प्रवाह हुदै आएको छ । उल्लेखित ईलाका कार्यालय अन्तर्गत रहेको समृद्धि आयोजनाको कार्यक्षेत्र भित्र छनौट गरिएका सहकारी संस्थाहरुको क्षमता अभिबृद्धि र साना किसान विकास लघुवित्त वित्तीय संस्था संग आवद्ध गराई सहकारी संस्थाहरुलाई उनीहरुको आवश्यकता अनुसार थोक कर्जा उपलब्ध गराउन सहजिकरण गर्ने उद्धेश्यले ईलाका कार्यालय ईटहरी अर्न्तगत फिल्ड प्रशिक्षक ३ जना, बर्दिबास अर्न्तगत ३ जना र हेटौडा अन्तर्गत १ जना कर्मचारी फिल्डमा परिचालन गरिएको छ ।



## सहकारी संस्थाको क्षमता विकास

"समृद्धि" आयोजनाबाट सहयोग गरिने १५० वटा सहकारी संस्था मध्ये पहिलो चरणमा छनौट गरिएका ६५ वटासहकारीहरुको क्षमता विकासको लागि संस्थाहरुलाई फिल्ड प्रशिक्षकहरु मार्फत स्थलगत रुपमा तालिम तथा अन्य आवश्यक क्षमता विकास सम्बन्धि सल्लाह, सुझावसहयोग गरिदै आएको छ । संस्थाहरुको खास गरी उनीहरुको संस्था संचालनमा आवश्यक पर्ने शिप विकास, सहकारी व्यवस्थापन, व्यवसायिक योजना तर्जुमा, लेखा व्यवस्थापन, संस्थामा आवश्यक पर्ने निती नियमावली जस्ता बिषयमा आवश्यकता अनुसार प्रशिक्षण दिने र साना किसान लघुवित्त वित्तीय संस्थामा सहकारी संस्थालाई आवद्धता गर्न चाहिने आवश्यक रेकर्ड, कागजात आदि तयार गर्ने कार्यमा सहजीकरण गर्ने जस्ता कार्यहरु संचालन गरिएको छ ।



## नियमन तथा अनुगमन कार्य

"समृद्धि" आयोजनाबाट छनौट भएका सहकारी संस्थाहरुको संस्थागत विकास तथा लक्ष्य बमोजिम प्रगती हासिल गर्न वित्तीय संस्थाले फिल्ड प्रशिक्षकहरु मार्फत नियमित नियमन तथा अनुगमन तथा तालिम लगायत क्षमता विकासका कार्यहरु भईरहेको छ । कार्यक्षेत्रमा रहेका ३ वटा ईलाका कार्यालयमा आयोजनाको कार्यलाई थप प्रभावकारी बनाउन प्रत्येक ईलाका कार्यालयमा एक/एक जना कर्मचारीलाई जिम्मेवारी तोकिएको छ । यस संयन्त्रले सहकारी संस्थालाई आवश्यक सहयोग र सहजिकरण गर्ने साथै वित्तीय संस्थाको केन्द्रिय कार्यालयमा फिल्डमा भए गरेका क्रियाकलापको अनुगमन गर्न आवश्यकता अनुसार फिल्डमा गई थप सहजिकरण गर्न र नियमन तथा अनुगमन गर्ने उद्धेश्यले तालिम विज्ञ र सहकारी तथा लघुवित्त विज्ञ गरी २ जना जनशक्तिको व्यवस्था गरेको छ । बार्षिक क्रियाकलापलाई मासिक रुपमा वाडँफाँड गरी कार्ययोजना अनुसार प्रगतीको समिक्षा गर्ने, प्रगती प्रतिवेदन तयार



## प्रगति

"समृद्धि" आयोजना अन्तर्गत पहिलो चरणमा आबद्ध ६५ वटा सहकारी संस्थाहरुको २०७७ साल असारको तुलनामा २०७७ साल चैत्र महिना सम्मको तुलनात्मक प्रगति विवरण निम्नानुसार रहेको छ ।

| सदस्य वृद्धि % | लगानिमा रहेको कर्जा वृद्दी % | ऋणी सदस्य वृद्धि % | कुल आन्तरिक स्रोतमा वृद्धि % | वाहियृय संस्थाबाट लिएको वृद्धि% | शेयर वृद्धि % | बचत वृद्धि % |
|---|---|---|---|---|---|---|
| ८ % | १६ % | ७ % | १९ % | १९ % | १३ % | २३ % |

तयार गर्नेः बलराम पौडेल, सुजना धिताल, सन्तोष अधिकारी


IFAD
Investing in rural people

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**ग्रामीण उद्यम तथा विप्रेषण आयोजना (समृद्धि)**
Rural Enterprises and Remittances Project (RERP)
"Samriddhi"

**आयोजना व्यवस्थापन कार्यालय**
ईटहरी-सुनसरी
फोन नं ०२५-४७६४७३४७६४७६
ईमेलः info.rerp@moics.gov.np
फेसबुक पेजः RERP (SAMRIDDHI)
https://rerp.moics.gov.np